मितिः २०८३/०२/०३

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहायको निर्णय गरियो ।

<u>तपसिलः-</u>

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष, वडा नं ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १५ | श्री हम्जुला राई वि.क. | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | Ambika |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

आमन्त्रित कर्मचारीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृत दशौं (उपसचिव) | |
| २ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ३ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| ४ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ५ | श्री कुशल तिवारी | इन्जिनियर | |
| ६ | श्री विजय लुईटेल | लेखा अधिकृत | |
| ७ | श्री सन्दीप गिरी | इञ्जिनियर | |
| ८ | श्री प्रदिप लामिछाने | अधिकृत छैटौं | |
| ९ | श्री रोशन पोखरेल | सहायक कम्प्यूटर अधिकृत | |
| १० | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |

प्रस्तावः-

१. आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा

२. कार्यविधि पारित सम्बन्धमा

३. फोहोरमैला व्यवस्थापन सम्बन्धमा

४. चालु आ.व. को योजना कार्यान्वयन सम्बन्धमा

५. विविध

## निर्णयहरू:

**निर्णय नं. १**

मिति २०८२/१२/२९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं २**

यस नगरपालिका अन्तर्गत साविक इचंगुनारायण गा.वि.स र भिमढुंगा गा.वि.स मा सञ्चालित गरिबसँग विशेश्वर कार्यक्रमका लागि संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानमा बजेट रु. ३,००,०००/- (अक्षरुपी तीन लाख) एकमुष्ठ विनियोजन भएकोमा उक्त बजेटबाट हाल नागार्जुन नगरपालिका वडा नं १,२,३ (साविक इचंगुनारायण गा.वि.स) र वडा नं ८ (भिमढुंगा गा.वि.स) कार्यक्रम सञ्चालन गर्नको लागि निम्न बमोजिम विनियोजन गरी कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

| सि.नं | कार्यक्रमको नाम | रकम रु | कार्यक्रम लागु हुने वडा |
|---|---|---|---|
| १ | गरिबसँग विशेश्वर कार्यक्रम लागु भएका | १,५०,०००/- | १,२,३ (साविक इचंगुनारायण गा.वि.स) |
| २ | स्थानीय तहमा कार्यक्रम सञ्चालन खर्च | १,५०,०००/- | वडा नं ८ (भिमढुंगा गा.वि.स) |

**निर्णय नं ३**

यस नगरपालिका अन्तर्गत वडा नं २, ५ र ६ बाट महिलाहरुलाई साइपाटा सामाग्रीहरुको हस्तकला सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालनका लागि माग भई आएकोले उल्लेखित कार्यक्रम सञ्चालन गर्नको लागि यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत महिला लक्षित विविध कार्यक्रम शीर्षकमा विनियोजित रकम मध्येबाट प्रस्तावित रकम रु. २,२०,०००/- (अक्षरुपी दुई लाख बीस हजार) विनियोजन गरी कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ४**

यस नागार्जुन नगरपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन भएका योजना, कार्यक्रम तथा गतिविधिहरूको बारेमा सार्वजनिक सुनुवाइ कार्यक्रम इचंगुनारायण मन्दिरमा मिति २०८३/०२/२४ गते सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

नागार्जुन नगरपालिका र नेपाल सेक्युरिटि गार्ड सप्लाई सर्भिस प्रा.लि. बीच ठेक्का नं. Nagarjun/NCB/Service/01/2080-81 अन्तर्गत भएको सुरक्षा सेवा सम्बन्धी सम्झौताको म्याद आर्थिक वर्ष २०८२/०८३ को मिति २०८३ बैशाख १३ गते समाप्त भएको तथा सेवा प्रदायक कम्पनीबाट म्याद थप सम्बन्धी पत्र पेश भएको सन्दर्भमा छलफल हुँदा, सम्झौता अवधि समाप्तिपश्चात थप प्रदान गरिएको सेवाबापत नियमानुसार भुक्तानी गर्ने र थप नगर प्रहरीको विज्ञापन गरी सो कार्य नगर प्रहरीबाट गर्ने गरी उक्त सम्झौताको म्याद थप नगर्ने निर्णय गरियो ।

निर्णय नं ६

नागार्जुन नगरपालिका वडा नं. ४ स्थित सीतापाइला तेक्वान्दो डोजाङको निवेदन तथा वडा नं. ४ को सिफारिस बमोजिम उक्त डोजाङसँग आबद्ध खेलाडी सुभाङ्गी श्रेष्ठ २० औं एसियाली खेलकुद प्रतियोगिता, २०२६ का लागि नेपाली राष्ट्रिय तेक्वान्दो टोलीमा छनोट हुन सफल भई नगरपालिकाको गौरव अभिवृद्धि गरेको हुँदा अन्य निकायबाट दोहोरो नपर्ने गरी यदि परेमा सोको जवाफदेहि स्वयं हुने गरी उक्त प्रमाण पेश गरे पश्चात मात्र १ जना खेलाडीलाई खेल प्रायोजन तथा खेलकुद व्यवस्थापन शीर्षकबाट प्लेन भाडा वापतको शुल्क रु. १,५०,०००/- र प्रशिक्षकलाई रकम रु. १,००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरुबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरु गर्नको लागि निम्न शीर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरु सञ्चालन तथा सामाग्रीहरु खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

सामाग्री माग तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | गैरीखेत खानेपानी वडा नं ७ | दश हजार लिटरको पानी ट्याङ्की | स्वीकृत माग फारम बमोजिम | ढल, पाइप, पानी ट्याङ्की खरिद (३११५९) |
| २ | गैरीगाउँ मध्यमार्ग वडा नं २ | खानेपानीको पाइप HDPE Pipe 75 mm | स्वीकृत लागत अनुमान बमोजिम | |
| ३ | विन्दवासिनी अस्थायी प्रहरी विट वडा नं ७ | जस्ता पाता तथा कार्यालय सामाग्री | स्वीकृत माग फारम अनुसार | विविध कार्यक्रम खर्च (२२५२९) |
| ४ | प्रहरी चौकी भिमढुंगा वडा नं ८ | कम्प्यूटर तथा स्टेश्नरी सामाग्री माग | स्वीकृत माग फारम अनुसार | |
| ५ | दुई धारा खानेपानी वडा नं २ | २००० लिटर पोलिथिन ट्याङ्की | स्वीकृत माग फारम अनुसार | ढल, पाइप, पानी ट्याङ्की खरिद (३११५९) |
| ६ | दिव्यशंकर धाम शिव मन्दिर कृतन गृह निर्माण तथा संरक्षण उपभोक्ता समिति वडा नं ८ | बाद्यबादन सामाग्री | स्वीकृत माग फारम अनुसार | साँस्कृतिक बाजा खरिद (२२५२२) |
| ७ | भिमढुंगा भिमसेन गुठीका लागि बाद्यवादन सामाग्री वडा नं ८ | बाद्यबादन सामाग्री | स्वीकृत माग फारम अनुसार | |
| ८ | घट्टेखोला पुरानो बस्ती भित्रि सडक वडा नं ६ | ७२ मि DWC Pipe 400mm | स्वीकृत लागत अनुमान बमोजिम | ढल, पाइप, पानी ट्याङ्की खरिद (३११५९) |
| ९ | इचाडोल शाखा बाटो वडा नं ६ | ५० मि ४०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १० | गजुरमुखी बोर्डिङ्ग विद्यालय नजिक सडक वडा नं ६ | ५४ मि ३०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| ११ | जयन्तीगाउँ भित्रि बाटो वडा नं ६ | १०० मि ३०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १२ | कछाडथोक बसाह चौर देखि भित्रि सडक वडा नं ६ | ९० मि ३०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | ढल, पाइप, पानी टयाङ्की खरिद (३११५९) |
| १३ | लिङ्ग मार्ग वडा नं ६ | १०० मि. २५० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १४ | भैरवटोल नयाँ बस्ती वडा नं ६ | १२० मि. ६०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १५ | सातविसे कुलो वडा नं ६ | ६० मि. ५०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १६ | भिमसेन मन्दिर आसपासको बस्ति वडा नं ८ | ३००० मि. १५ mm HDPE Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |
| १७ | देवनगर मिलनटोल खानेपानी वडा नं २ | | स्वीकृत लागत अनुमान बमोजिम | |
| १८ | वडा नं ९ अमरज्योति मा.वि. तर्फ जाने बाटो | ३० मि. ३०० mm DWC Pipe | स्वीकृत लागत अनुमान बमोजिम | |

## योजना तथा कार्यक्रमहरु माग तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | रकम रु | बजेट शीर्षक |
|---|---|---|---|---|
| १ | दिवाकर खनालको घर जाने बाटो स्तरोन्नती वडा नं ६ | सडक मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | अन्य सार्वजनिक निर्माण (३११५९) |
| २ | रत्न विपस्यना नजिकको सडक वडा नं २ | ढल मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | |
| ३ | गैरीगाउँ उकालोमा ढल वडा नं २ | ढल मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | |
| ४ | तीनघरे भित्रि सडक वडा नं २ | सडक मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | |
| ५ | पन्चकन्या मन्दिरको ठाडो उकालो सडक निर्माण वडा नं ९ | सडक निर्माण | स्वीकृत लागत अनुमान बमोजिम | |
| ६ | वडा नं १ राधाकृष्ण मन्दिर देखि मनकामना सडकको ढल मर्मत तथा सरसफाइ | ढल तथा सडक मर्मत | स्वीकृत लागत अनुमान बमोजिम | |
| ७ | अमरज्योति माध्यमिक विद्यालय फर्निचर खरिद वडा नं १० | सामाग्री खरिद | २,००,०००/- | शिक्षा शाखाको सिलिङ |
| ८ | चिनारी महिला समूह वडा नं ५ | सामाग्री खरिद | २,००,०००/- | विविध कार्यक्रम खर्च (२२५२९) |

## विपद् व्यवस्थापन तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | रकम रु | बजेट शीर्षक |
|---|---|---|---|---|
| १ | इचंगुनारायण आधारभूत विद्यालय वडा नं ३ | पर्खाल निर्माण | ९६,०२३.५७ | विपद् व्यवस्थापन शिर्षकबाट |
| २ | उमागाउँ सिद्धेश्वर हाकेको चौतारो निस्कने सडक वडा नं ६ | सडक मर्मत | ९९,०००.०० | |
| ३ | ज्योति प्रा.वि. बाट अमलाबोट जोड्ने सडक मर्मत वडा नं ६ | सडक मर्मत | ९९,०००.०० | |

**निर्णय नं ८**

नागार्जुन नगरपालिका वडा नं ७ द्वारा आयोजना गरिएको बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्यक्रम सञ्चालनका लागि रकम रु. ४,७७,५००/- (अक्षरुपी चार लाख सत्हत्तर हजार पाँच सय) अपुग भएको भनि माग हुन आएको हुँदा उपयुक्त शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ९

नागार्जुन नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडाहरूमा तपसिलमा उल्लेखित योजनाहरू ५०/५० प्रतिशतमा लागत साझेदारीमा सञ्चालन गर्नको लागि उपभोक्ताहरूको निवेदन पेश भएकोमा नगरपालिकाको नीति अनुसार ५० प्रतिशत सहभागिता उपभोक्ताबाट व्यहोर्ने गरी योजना सञ्चालन गर्न माग भएकोमा लागत साझेदारीमा सञ्चालन गर्न यस नगरपालिकाको वार्षिक नगर सभाबाट स्वीकृत जनसहभागिता शिर्षकमा विनियोजित बजेटबाट तपसिलका योजना सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो । तपसिलः

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई. | नगरपालिकाले व्यहोर्ने | उपभोक्ताले व्यहोर्ने |
|---|---|---|---|---|---|
| १ | छरडोल भित्रि बाटो स्तरोन्नती | ५ | ९,९९,५६८.७९ | ४,९९,७८४.४ | ४,९९,७८४.४ |
| २ | विर भगवती डाँडादेखि इचंगुनारायण पोष्ट हुँदै ढोलुङ्गे बस्ति जोड्ने सडक | ३ | ९,८५,७११.३६ | ४,९२,८५५.६८ | ४,९२,८५५.६८ |
| ३ | भैरवटोल बाटो ढलान उपभोक्ता समिति | ६ | ९,९५,६४८.२७ | ४,९७,८२४.१३ | ४,९७,८२४.१३ |
| ४ | रत्नराज्य माध्यमिक विद्यालय | ७ | स्वीकृत लागत अनुमान बमोजिम | | |
| ५ | सिद्वार्थ कोलोनी वडा नं २ | २ | स्वीकृत लागत अनुमान बमोजिम | | |
| ६ | कटुवा पाखा बाटो स्तरोन्नती | ७ | स्वीकृत लागत अनुमान बमोजिम | | |

निर्णय नं १०

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधि तथा मापदण्डहरु पारित गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | कानूनको नाम | कैफियत |
|---|---|---|
| १ | नागार्जुन नगरपालिकाबाट माध्यमिक शिक्षा परीक्षा (School Education Exam) (SEE)मा स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई शैक्षिक पुरस्कार तथा सम्मान सम्बन्धी कार्यविधि, २०८२ | पारित गर्ने |
| २ | अटिजम तथा बौद्धिक अपाङ्गता भएका तथा मस्तिष्क पक्षघात व्यक्तिहरूको स्याहार खर्च वितरण कार्यविधि, २०८३ | पारित गर्ने |
| ३ | नागार्जुन नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि २०८३ | पारित गर्ने |
| ४ | बैकल्पिक शिक्षक व्यवस्थापन कार्यविधि, २०८२ | पारित गर्ने |
| ५ | नागार्जुन नगरपालिका छात्रावास (होस्टल) सञ्चालन सम्बन्धी मापदण्ड, २०८२ | पारित गर्ने |
| ६ | शिक्षण सिकाइ सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८० | संशोधन |
| ७ | नागार्जुन नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८३ | पारित गर्ने |

निर्णय नं. ११

यस नगरपालिका अन्तर्गत वडा नं. ८ को प.सं. २०८२/०८३, च.नं. १५०१, मिति २०८३/०१/२८ गतेको निर्णयानुसार यस नगरपालिका स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा सिलिङ्गमा विविध कार्यक्रम (वडा) शिर्षकमा विनियोजित बजेट रू.९,००,०००/- (नौ लाख) मध्ये रू.२,००,०००/- (दुई लाख) मात्रबाट जेसि सितापाईला (नेपाल) लाई वडास्तरीय फुटसल प्रतियोगिता

आयोजना गर्नको लागि सिफारीस भई आएकोले उल्लेखित कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडा कार्यालयबाट प्राप्त सिफारीस अनुसार यस नगरपालिकाको आ.व. २०८२/०८३ को निम्न बमोजिमका स्वीकृत वार्षिक कार्यक्रममा विनियोजित बजेटबाट स्यूचाटार तेक्वान्डो डोजाङ्गलाई छैटौं स्यूचाटार फ्रेन्डसीप तेक्वान्डो प्रतियोगिता कार्यक्रम सञ्चालन गर्नको लागि सिफारीस भई आएकोले उल्लेखित शिर्षकमा विनियोजित बजेटहरूबाट तेक्वान्डो प्रतियोगिता सञ्चालन गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिलः**

| वडा नं. | बजेट शिर्षक | बजेट रू. | कार्यक्रम | कुल रकम रू. |
|---|---|---|---|---|
| ७ | खेलकुद सामाग्री वितरण तथा खेल प्रतियोगिता सञ्चालन | २,००,००० | छैटौं स्यूचाटार फ्रेन्डसीप तेक्वान्डो प्रतियोगिता | ७,००,००० |
| ९ | बालबालिका तेक्वान्डो प्रतियोगिता | ४,००,००० | | |
| १० | वडास्तरीय खेलकुद कार्यक्रम | १,००,००० | | |

**निर्णय नं १३**

यस नगरपालिकाको विगत लामो अवधि देखि प्रतिस्पर्धाको माध्यमबाट फोहोरमैला व्यवस्थापन हुन नसकेको सन्दर्भमा प्रचलित कानून बमोजिम आय ठेक्का निष्काशन गर्नका लागि फोहोरमैला अध्ययन तथा सुझाव समितिले पेश गरेको प्रतिवेदन अनुसार VAT बाहेक ४१ लाख रुपैया कबोल अंक कायम हुने गरी न्यूनतम ३ वर्षको ठेक्का आव्हान गर्ने र आवश्यकता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा थप २ वर्ष म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

यस नगरपालिका भित्र रहेका सहकारी संस्थाले सहकारीको सिद्धान्त बमोजिम काम गरे नगरेको, निजलाई थप राय सल्लाह सुझाव तथा असल अभ्यासका सम्बन्धमा अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति गठन गरिएको छ ।

**तपसिल**

१. नगर प्रमुख - संयोजक
२. प्र.प्र.अ. - सदस्य
३. नगर प्रमुखले मनोनयन गरेको १ जना सहकारी विज्ञ - सदस्य
४. प्रशासन शाखा प्रमुख - सदस्य
५. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
६. सहकारी शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार सहकारी क्षेत्रको २ जना विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

आयोजना गर्नको लागि सिफारीस भई आएकोले उल्लेखित कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडा कार्यालयबाट प्राप्त सिफारीस अनुसार यस नगरपालिकाको आ.व. २०८२/०८३ को निम्न बमोजिमका स्वीकृत वार्षिक कार्यक्रममा विनियोजित बजेटबाट स्यूचाटार तेक्वान्डो डोजाङ्गलाई छैटौं स्यूचाटार फ्रेन्डसीप तेक्वान्डो प्रतियोगिता कार्यक्रम सञ्चालन गर्नको लागि सिफारीस भई आएकोले उल्लेखित शिर्षकमा विनियोजित बजेटहरूबाट तेक्वान्डो प्रतियोगिता सञ्चालन गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः

| वडा नं. | बजेट शिर्षक | बजेट रू. | कार्यक्रम | कुल रकम रू. |
|---|---|---|---|---|
| ७ | खेलकुद सामाग्री वितरण तथा खेल प्रतियोगिता सञ्चालन | २,००,००० | छैटौं स्यूचाटार फ्रेन्डसीप तेक्वान्डो प्रतियोगिता | ७,००,००० |
| ९ | बालबालिका तेक्वान्डो प्रतियोगिता | ४,००,००० | | |
| १० | वडास्तरीय खेलकुद कार्यक्रम | १,००,००० | | |

निर्णय नं १३

यस नगरपालिकाको विगत लामो अवधि देखि प्रतिस्पर्धाको माध्यमबाट फोहोरमैला व्यवस्थापन हुन नसकेको सन्दर्भमा प्रचलित कानून बमोजिम आय ठेक्का निष्काशन गर्नका लागि फोहोरमैला अध्ययन तथा सुझाव समितिले पेश गरेको प्रतिवेदन अनुसार VAT बाहेक ४१ लाख रुपैया कबोल अंक कायम हुने गरी न्यूनतम ३ वर्षको ठेक्का आव्हान गर्ने र आवश्यकता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा थप २ वर्ष म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं १४

यस नगरपालिका भित्र रहेका सहकारी संस्थाले सहकारीको सिद्धान्त बमोजिम काम गरे नगरेको, निजलाई थप राय सल्लाह सुझाव तथा असल अभ्यासका सम्बन्धमा अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति गठन गरिएको छ ।

तपसिल

१. नगर प्रमुख - संयोजक
२. प्र.प्र.अ. - सदस्य
३. नगर प्रमुखले मनोनयन गरेको १ जना सहकारी विज्ञ - सदस्य
४. प्रशासन शाखा प्रमुख - सदस्य
५. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
६. सहकारी शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार सहकारी क्षेत्रको २ जना विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

निर्णय नं १५

यस नगरपालिकामा जलवायु परिवर्तनका असरहरुलाई सम्बोधन गर्न र स्थानीय अनुकुलन कार्ययोजना (LAPA) तर्जुमा गर्नुपर्ने भएकोले सो सम्बन्धमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं १६

नागार्जुन नगरपालिकाबाट ठेक्का आह्वानबाट संचालन भईरहेका आयोजनाहरु, परामर्शदाताहरुको कार्य विभिन्न कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजानाहरु तथा परामर्श कार्यहरुको म्याद थप गर्ने निर्णय गरीयो।

| क्र.स | योजनाहरुको विवरण | निर्माण व्यवसायी /परामर्शदाता को नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | Nagarjun/NCB/W/39/2081-82 Sunrise Height Bhitri Sadak Staronnati Ward No. 1 | Arch Engineering Design and Construction Pvt. Ltd., Kathmandu | २०८३ जेठ मसान्त सम्म | |
| २. | Nagarjun/NCB/W/38/2081-82 Ward No.2 Devnagar Bhitri Sadak Staronnati | Noyeda Construction Pvt.Ltd., Gokarneshwor-15, Kathmandu | २०८३ असार १५ गते सम्म | |
| ३. | Nagarjun/NCB/W/42/2081-82 Nikunja Cheu Tinghare Mandir hudai Chautara pugne Padmarga Nirman | Great Construction Pvt. Ltd., Gothatar , Bhaktapur | २०८३ जेठ मसान्त सम्म | |
| ४. | Nagarjun/NCB/W/37/2081-82 Ward No. 4 Seto Kuwa Prabesh Marga Nirman | Noyeda Construction Pvt.Ltd., Gokarneshwor-15, Kathmandu | २०८३ असार १५ गते सम्म | |
| ५. | Nagarjun/NCB/W/25/2081-82 Ward No.6 Kasarthok Culvert Construction and Different Road Upgrading Works. | PCPL DNS-SC JV, KMC-07, Kathmandu | २०८३ असार १५ गते सम्म | |
| ६ | Nagarjun/NCB/W/54/2081-82 Ichhadole and Ramkot Park Ward No. 6 | Peak Construction and Suppliers Pvt. Ltd., Nagarjun-1, Kathmandu | २०८३ असार १५ गते सम्म | |
| ७ | Nagarjun/NCB/W/45/2081-82 Syuchatar Swasthya Chauki Sangai Park Nirman | Noyeda Construction Pvt.Ltd., Gokarneshwor-15, Kathmandu | २०८३ असार १५ गते सम्म | |
| ८ | Nagarjun/NCB/W/41/2080-81 Ganeshman Park Nirmaan Ward No-6 | Vision-Doleshwor JV Anamnagar-10, Kathmandu | २०८३ असोज मसान्त सम्म | |
| ९. | Preparation of Report and map on Land Use Classification of Nagarjun Municipality | Geo Spatial Engineering Solution Pvt. Ltd., Koteshwor, Kathmandu, Nepal | २०८३ असार १५ गते सम्म | |
| १० | Consulting Service for Preparation of Local level Disaster Climate Resilient Framework of Nagarjun Municipality Nagarjun/NCB/CS/01/2081-82 | Global-SES-DECODE JV | २०८३ असार १५ गते सम्म | |

निर्णय नं १७

नेपाल विद्युत प्राधिकरण, कुलेश्वर वितरण केन्द्रबाट यस नगरपालिका वडा नं. ५ स्थित छगडोलमा सडकको बीचमा रहेको एल.टी. पोलहरू सिफ्ट गर्नको लागि सडकको भागमा रहेका विद्युत पोलहरू स्थानान्तरण गर्नु पर्ने भएकाले उल्लेखित प्राधिकरणबाट प्राप्त प्राविधिक लागत अनुमान बमोजिमको रकम रू. २,५३,८२३.९०/- (अक्षरूपी दुई लाख त्रिपन्न हजार आठ सय तेइस रुपैंया नब्बे पैसा) नेपाल विद्युत प्राधिकरण, कुलेश्वर वितरण केन्द्रको नाममा नविल बैंक लिमिटेड कुलेश्वरमा रहेको धरौटी खाता नं. ००२०१०१७५०५४८६ मा उक्त रकम जम्मा गर्नको लागि पत्राचार भएकोमा सम्बन्धित योजनामा बचत भएको रकमबाट खर्च हुने गरी उल्लेखित रकम नेपाल विद्युत प्राधिकरणको नाममा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १८

यस नगरपालिकाको मिति २०८२/१२/०१ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयानुसार यस नगरपालिकामा कार्यरत रहँदै आएका कर्मचारीहरूलाई प्रदान गरिदै आएको प्रोत्साहन भत्ताको विषयमा सूचकमा आधारित मापदण्ड तयार गर्नको लागि गठन भएको समितिबाट मिति २०८३/०२/०१ गतेको निर्णयानुसार तपसिलका कर्मचारीहरुलाई तपसिल बमोजिमको दरमा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १९

आ.व. ०८३/०८४ को लागि वडा सिलिङ्ग निर्धारणका लागि छलफल हुँदा गत आ.व. ०८२/०८३ मा कायम रहेको वडा सिलिङ्गलाई नै निरन्तरता दिने निर्णय गरियो।

निर्णय नं २०

नागार्जुन नगरपालिकाको आ.व. ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नका लागि तपसिलको नीति तर्जुमा गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | कानूनको नाम | कैफियत |
|---|---|---|
| १ | नागार्जुन नगरपालिकाको आवास नीति, २०८३ | तर्जुमा गर्ने |
| २ | नागार्जुन नगरपालिकाको भू-उपयोग नीति, २०८३ | तर्जुमा गर्ने |

निर्णय नं २१

आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाको लागि तपसिल बमोजिमको खाका निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. नगर प्रमुख - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३. प्राविधिक शाखा प्रमुख - सदस्य
४. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
५. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं २२

नागार्जुन नगरपालिका वडा नं ५ स्थायी बसोबास गर्ने श्रेया आचार्यले स्थानीय कच्चा पदार्थको उपयोग गर्नको निम्ति अध्ययन तथा अनुसन्धान गर्ने प्रयोजनको लागि यस कार्यालयमा वडा कार्यालयको सिफारिस बमोजिम पेश भएको हुँदा रकम रु. ५०,०००/- (अक्षरुपी पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २३

यस नगरपालिकामा उपचारका लागि आर्थिक अवस्था कमजोर भएको र सहयोग उपलब्ध गरिदिनुहुन भनि विभिन्न मितिमा प्राप्त निवेदन तथा वडाको सिफारिस बमोजिम तपसिलमा उल्लेखित व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि.नं | नामथर | रकम | कैफियत |
|---|---|---|---|
| १ | सन्ते नगरकोटी | ५००० | वडा नं २ |
| २ | चुणामणी पुडासैनी | ५००० | वडा नं २ |
| ३ | मोहन बहादुर लामा | ५००० | वडा नं १ |
| ४ | अम्बिका खड्का | १०००० | वडा नं २ |